पाठ ८

# इनामहरूको आशा गर्नुहोस्

कुनै मानिसलाई आदर गर्नका लागि उनको नाउँमा घर वा सड़क निर्माण गरिने कुरा के तपाईंलाई थाहा छ? तपाईंको वरिपरि हेर्नुहोस्, तपाईंले सड़कहरू, भवनहरू, हवाइजहाजहरू, विमानस्थलहरू, पानीजहाजहरू, शहरहरू, गाउँहरू, नदीहरू र अरू थोकहरूमा मानिसहरूका नाम दिइएका देख्नुहुन्छ। तिनीहरूलाई आदर र सम्मान गर्नका लागि नै यसो गरिएको हो। तिनीहरूले आफ्ना मानिसहरू वा आफ्नो समुदायहरूलाई सहायता पुऱ्याएको कारण तिनीहरूलाई यी इनामहरू दिइएका हुन्।

सम्पूर्ण मानव-जातिलाई सहायता पुऱ्याउने किसिमको काम गर्ने व्यक्तिहरूलाई वर्षेनी शान्ति पुरस्कारहरू दिइएको खबर तपाईंले सुन्नुभएको होला। अर्को देशबाट आएका राजदूतलाई हाम्रो राजधानीको सुनौलो साँचो दिएर हाम्रो देशमा भर्खरै आदर गरियो। यी सबै महान् र बहुमूल्य इनामहरू हुन्। यस किसिमका आदरहरूलाई कुनै तलबसँग तुलना गर्न सकिँदैन। र पनि यी सबै इनामहरू एक दिन नाश हुनेछन्!

तर परमेश्वरबाट आउने इनामहरूका बारेमा चाहिँ के हो त? एक-अर्कालाई कसरी आदर गर्नुपर्छ भनी यदि मानिसहरूलाई थाहा छ भने, उहाँलाई प्रेम गर्नेहरूका लागि परमेश्वरले अझ




धैरै गर्नुहुन्न र? अवश्य पनि उहाँले गर्नुहुन्छ! आफ्ना पिताको सामु ख्रीष्टले हामीलाई आदर गर्नुहुन्छ भन्ने विचारले नै हामीलाई अन्त्यसम्म विश्वासयोग्य राख्नैपर्छ। 'यसकारण हरकिसिमका बोझ र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड़ धैर्यसाथ दौड़ौं (हिब्रू १२:१)। हामीले इनामहरूको आशा राख्न सक्छौं!

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ . . .**

वर्तमान इनामहरू
- प्रभुको उपस्थिति
- तृप्ति

भविष्यत् इनामहरू
- ज्ञात इनामहरू
- अज्ञात इनामहरू

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुर्‍याउनेछ. . .**

- येशूको बारेमा सुसमाचार बाड्नेहरूका लागि परमेश्वरले अचम्मका इनामहरू तयार पार्नुभएको छ भनी महसूस गर्न।

## वर्तमान इनामहरू

उद्देश्य १: *हामीले व्यक्तिगत सुसमाचार प्रचारको काम गर्दा आशा राख्न सक्ने इनामहरूका उदाहरणहरू दिनुहोस्।*

व्यक्तिगत सुसमाचार प्रचारकले इनामको निम्ति काम गर्दैन। इनामचाहिँ उसको उद्देश्य होइन। उसले काम गर्छ, किनकि परमेश्वरले उसलाई प्रेम गर्नुभएको छ र ख्रीष्टले उसलाई बचाउनुभएको छ। सुसमाचार बाँड्ने काम उसको नयाँ स्वभावको अङ्ग नै बनेको कारणले पनि उसले काम गर्छ। आफूले ख्रीष्ट येशूमा प्राप्त गरेको जीवनको अर्थ र आशा अरूहरूले पनि प्राप्त गरून् भनी देख्न चाहेको र तिनीहरूलाई प्रेम गरेको हुनाले उसले काम गर्छ।

ख्रीष्टियान सेवकहरूको उद्देश्य इनामहरू पाउनु नभए तापनि, उसलाई धेरै इनामहरू दिन परमेश्वर प्रसन्न हुनुहुन्छ। व्यक्तिगत सुसमाचार प्रचारभन्दा ठूलो इनाम पाउने काम संसारमा अरू कुनै छैनजस्तो मलाई लाग्छ। इनामहरू दुवै वर्तमान र भविष्यत्, क्षणिक र अनन्त, भौतिक र आत्मिक हुन्छन्।

### प्रभुको उपस्थिति

व्यक्तिगत सुसमाचार प्रचारमा सबैभन्दा ठूलो वर्तमान् इनामचाहिँ प्रभुको निरन्तरिय उपस्थितिको निश्चयता हो। आफ्नो मृत्यु र,पुनरुत्थानपछि येशूले सबै मानिसहरूसँग उहाँको सुसमाचार बाँड्नका लागि आफ्ना चेलाहरूलाई सारा संसारमा पठाउनुभयो। कामचाहिँ वास्तवमा अति नै ठूलो थियो। त्यहाँ धेरै कठिनाइहरू थिए। डरले भरिएका आफू साधारण व्यक्तिहरूले सारा संसारमा ख्रीष्टको सुसमाचार बाँड्नुपर्ने कुरा सुन्दा चेलाहरू दङ्ग परेका थिए होलान्।

तर तिनीहरूले आफ्ना डरहरू प्रकट गर्नुभन्दा पहिल्यै, ख्रीष्टले तिनीहरूलाई आफ्नो निरन्तरिय उपस्थितिको निश्चयता दिनुभयो। "जाओ... हेर, म युगको अन्त्यसम्मै तिमीहरूका साथमा छु'' (मत्ती २८:२०)।

स्वर्गमा र पृथ्वीमा सबै शक्ति येशूसँग छ। उहाँको शक्तिले सीमित के हो र बाधा के हो सो जान्दैन। मृत्यु र पातालले उहाँलाई समाती राख्न सकेनन्। उहाँलाई कुनै पास्पोर्टको आवश्यकता छैन, किनकि उहाँ जान नसक्ने कुनै देश नै छैन। हाम्रो दैनिक जीवन र सेवामा यस्तो व्यक्ति हुनु हामीले प्राप्त गर्न सक्ने सबैभन्दा ठूलो इनाम हो। यो इनामले हाम्रा प्रभु र मुक्तिदातामा भरोसा गर्न हामीलाई सहायता पुऱ्याउँछ।

परमेश्वरको इच्छा पूरा गर्नको निम्ति विश्वासयोग्य सेवकहरूलाई परमेश्वरले जहिले पनि सम्भव तुल्याउनुहुन्छ। मिश्रको दासत्वबाट इस्राएलका मानिसहरूलाई छुटकारा दिन परमेश्वरले मोशालाई पठाउनुभयो। सबै मानिसहरू उजाड़-स्थानमा थिए। आफ्नो निम्ति काम अति नै गह्रौं छ भनी मोशालाई थाहा थियो। उनमा शङ्काहरू र प्रश्नहरू उब्जन थाले। यो जातिलाई उनी आफैले कसरी लैजान सक्थे? यो असम्भव थियो। आफ्ना कमजोरीको महसूस गरेपछि, मोशा परमेश्वरकहाँ गए। उजाड़-स्थानदेखि प्रतिज्ञाको देशमा नपुगेसम्म आफ्नो निरन्तरिय उपस्थिति तिनीहरूसँग हुने कुराको प्रतिज्ञा परमेश्वरले तिनीहरूसँग गर्नुभयो। परमेश्वरलाई जवाफ दिँदै मोशाले भने, "तपाईं हामीसँग नजानुहुने भए, हामीलाई यो ठाउँ छोड्न नलगाउनुहोस्'' (प्रस्थान ३३:१६)।

मोशा आफूले काम गर्न सक्नका लागि उनमा परमेश्वरको निरन्तरिय उपस्थितिको निश्चयताको आवश्यकता थियो। सफलता र साहससाथ हाम्रो ख्रीष्टियान जीवन र अनुभव बाँड्न सक्ने एक

मात्र उपाय फसलका प्रभुको निरन्तरिय उपस्थिति दिनरात हामीसँग हुनु हो।

प्रेरित पावल अर्थात् पौलसलाई भ्यालखानमा हालियो। ख्रीष्टको सुसमाचार प्रचार गरेको कारणले, उनले धेरै दुःखहरू भोग्नुपर्‍यो। उनका सबै मित्रहरू र सुसमाचारका सहकर्मीहरूले उनलाई त्यागे। उनले न्यायाधीशको सामुन्ने आफ्नो मुद्दा जाहेर गर्दा, कोही पनि उनीसँग उभिएन। र पनि तिमोथी अर्थात् तिमोथियसलाई लेख्दा उनी यसो भन्न सक्षम भए, "तर सबै अन्यजातिहरूले सुन्न सकून् भनेर प्रभु मेरो साथमा खड़ा हुनुभयो र सम्पूर्ण रूपले वचनको घोषणा गर्न मलाई शक्ति दिनुभयो" (२ तिमोथी ४:१७)।

एकलोपना र कठिनाइका समयहरूमा पनि तपाईंको दैनिक जीवन र ख्रीष्टको सेवामा के तपाईं यो पूर्ण निश्चयता प्राप्त गर्न चाहनुहुन्छ? इनाम अति नै ठूलो छ, तर त्यहाँ एउटा शर्त छ। तपाईं पहिले जानैपर्छ। किनकि प्रतिज्ञाचाहिँ यो होः "जाओ... र म सधैं तिमीहरूका साथमा हुनेछु" (मत्ती २८:२०)।

### तपाईंको अभ्यासको निम्ति

१ सुसमाचार बाँड्नका लागि आफ्ना चेलाहरूलाई येशूले पठाउनुहुँदा उहाँले तिनीहरूलाई कस्तो प्रतिज्ञा दिनुभयो?

........................................................................

२ हामीले यही प्रतिज्ञा कसरी प्राप्त गर्न सक्छौं?

........................................................................

३ प्रेरित पावललाई भ्यालखानमा हालिँदा को उनीसँग बसे?

........................................................................

४ मोशाले इस्राएलीहरूलाई उजाड़-स्थानबाट प्रतिज्ञाको देशमा कसरी अगुवाइ गरे?

.........................................................................................

५ ख्रीष्टको बारेमा सुसमाचार बाँड्नमा हाम्रो उद्देश्य के हो?

**क**) इनामहरू।

**ख**) मानिसहरूलाई ख्रीष्टमा ल्याउनु।

## तृप्ति

असल काम गरेकोमा आनन्द मनाउन पाउनु नै सेवकको निम्ति भएको ठूलो इनाम हो। यो ता धेरै तलब पाउनुभन्दा पनि उत्तम हुन्छ। तीन नोकरहरूका कथामा येशूले हामीलाई यसको असल उदाहरण दिनुभएको छ (मत्ती २५:१४-३०)। तीनै जनालाई उनीहरूको खूबीअनुसार केही काम दिइएको थियो। तर तिनीहरूमध्ये दुइ जनाले मात्र "स्याबास, असल र ईमानदार नोकर" भनेको सुन्ने ठूलो आनन्द पाए। तेस्रोचाहिँ डर र कम्पसाथ आयो, किनकि उसबाट आशा गरिएको कुरा उसले गरेको थिएन। उसले कुनै इनाम पनि पाएन।

मेरो देशमा मैले चार वर्ष शिक्षकको काम गरें। एक वर्ष मैले प्राथमिक कक्षामा सिकाउनुपऱ्यो। कक्षामा करीब ७० जना केटाकेटीहरू थिए। तिनीहरू सबै गाउँहरूबाट आएका थिए र तिनीहरूमध्ये कसैले पनि फ्रेन्च भाषामा एउटै शब्द पनि बोल्न सकेन। मैले शून्यबाटै शुरू गर्नुपऱ्यो!

शैक्षिक वर्षको अन्तमा तिनीहरू फ्रेन्च भाषा बुझ्ने र एक-अर्कासँग त्यही भाषामा बोल्न सक्ने भए। तिनीहरू फ्रेन्च

पढ्न र लेख्न सक्ने भए। यो गजबको घटना थियो। असल काम गर्न पाएको आनन्दले मलाई भरेको थियो र त्यही नै मेरो लागि सबैभन्दा ठूलो इनाम थियो।

व्यक्तिगत सुसमाचार प्रचारमा पनि यो कुरा सत्य छ। भर्खरै प्रभुमा आएको व्यक्तिले ख्रीष्टियान जीवन जिएको, भजनहरू गाएको, जवान मानिसहरूको समूहसँग कुरा गरेको, वा अरूहरूसँग आफ्नो ख्रीष्टियान अनुभव बाँड़ेको हामीले देख्न पाउनु वास्तवमा अति ठूलो इनाम हो। जसलाई संसारको सम्पत्तिद्वारा नाप्न सकिँदैन। अनन्त नाशदेखि आत्मालाई छुटकारा दिन, हामीलाई प्रयोग गरिएको छ भनी जान्न पाउनु र स्वर्गमा दूतहरू आनन्द मनाइरहेका छन् भनी जान्न पाउनु अचम्मका इनामहरू हुन्। पत्रुस अर्थात् पत्रससँग कुरा गर्नुहुँदा येशू आफैले भन्नुभयो:

> हरेक जसले मेरो नाउँको खातिर घर, दाज्यू-भाइ वा दिदी-बहिनी अथवा बाबु वा आमा वा छोराछोरी वा जग्गाजमीन छोड़ेको छ, त्यसले सय गुणा पाउनेछ, र अनन्त जीवनको अधिकार पाउनेछ (मत्ती १९:२९)।

मेरो देशमा शुरूका धेरै अफ्रिकी ख्रीष्टियानहरूले ठूलो कठिनाइको सामना गर्नुपरेको थियो। तिनीहरूमध्ये कतिलाई तिनीहरूका परिवारहरू र साथीहरूद्वारा त्यागियो। तिनीहरूले ठूलो दुःख सहनुपर्‍यो। तर प्रभु विश्वासयोग्य हुनुहुन्थ्यो। तिनीहरूलाई नयाँ परिवार अर्थात् परमेश्वरको परिवारभित्र ल्याइयो। तिनीहरूलाई सबै किसिमका आशिष्हरूद्वारा आशिषित गरिएको छ। ख्रीष्टियानको हैसियतले यस संसारको जुनसुकै देशमा तपाईं जानुभए तापनि तपाईंले ख्रीष्टमा भएका दाज्यू-भाइ र दिदी-बहिनीहरूलाई भेट्टाउनुहुनेछ। तपाईं तिनीहरूको भाषा बोल्नुहुन्न होला। तपाईंको छालाको रङ्ग फरक छ होला। तर तपाईंहरू सबैलाई एकत्रित पार्ने भ्रातृ-प्रेमलाई तपाईं जान्नु र अनुभव गर्नुहुन्छ। ख्रीष्टलाई ग्रहण गर्दा वा तपाईंको व्यक्तिगत

ख्रीष्टियान अनुभव बाँड्दा यदि तपाईंले एउटा साथी गुमाउनुभयो भने, परमेश्वरको ठूलो परिवारमा तपाईंलाई धेरै मित्रहरू दिएर इनाम दिइनेछ।

परमेश्वरको आज्ञा पालन गर्नका लागि अब्राहामले आफ्नो घर, आफ्ना मित्रहरू, आफ्नो परिवार र आफ्ना खेतबारीहरू सबै त्यागे। अनि इनामस्वरूप उनलाई सुन्दर देश दिइयो। उनलाई धेरै जातिहरूका पिता बनाइयो। वास्तवमा उनलाई पृथ्वी र स्वर्गका सम्पत्तिहरूद्वारा आशिषित तुल्याइएको थियो। लावानसँग कुरा गर्दा उनका एक जना नोकरले भनेः

> परमप्रभुले मेरो मालिकलाई खूबै आशिष् दिनुभएको हुनाले तिनी एक ठूला मानिस भएका छन्। उहाँले तिनलाई बगालका भेड़ाबाख्राहरू र बथानका बथान गाई-गोरुहरू, सुन, चाँदी, दास-दासी, ऊँटहरू र गधाहरू दिनुभएको छ। मेरा मालिककी पत्नी साराले बूढ़ेसकालमा तिनको निम्ति एउटा छोरो जन्माइन् (उत्पत्ति २४:३५-३६)।

सुसमाचार सुनाउनको निम्ति जताततै जाने ख्रीष्टको आज्ञालाई हामीले यदि पालन गर्‍यौं, हामीलाई प्रयोग गर्नका लागि यदि उहाँलाई दियौं भने बीउ बोकेर बाहिर जाँदा रुनेहरूजस्ता हामीहरू हुनेछौं। फसललाई जम्मा गर्दा हामी आनन्दसाथ रमाउँदै गाउनेछौं (भजनसंग्रह १२६:६)।

प्रभुको नाउँमा आफूले काम गर्न सकेकोमा येशूले पठाउनुभएका ७० जना चेलाहरू आनन्दसाथ फर्केर आए। अरू मानिसहरूलाई ख्रीष्टमा परमेश्वरले प्रयोग गर्नुभएको जस्तो तृप्तता अरू कुराहरूमा हुँदैन।

### तपाईंको अभ्यासको निम्ति

६ परमेश्वरको पछि लाग्नका लागि आफ्नो घर छोड्दा अब्राहामलाई के भयो? ........................................

७ बीउ बोकेर बाहिर जाँदा व्यक्तिगत सुसमाचार प्रचारकले कस्तो कुराको आशा राख्न सक्छ? ..........................

८ तपाईंले ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्नुभएपछि तपाईंले प्राप्त गर्नुभएको इनामको पछाड़ि × चिन्ह लगाउनुहोस्।

**क**) ख्रीष्टमा नयाँ दाज्यू-भाइ र दिदी-बहिनीहरू ..............

**ख**) मेरो साक्षीद्वारा कोही प्रभुमा आएको देख्न पाएको आनन्द .................................................

**ग**) ख्रीष्टको सेवा गर्न पाउँदा तृप्ति ..........................

**घ**) ख्रीष्टलाई प्रेम गर्ने धेरै नयाँ मित्रहरू ......................

**ङ**) मसँग सधैं परमेश्वरको उपस्थिति ..........................

## भविष्यत् इनामहरू

### ज्ञात इनामहरू

उद्देश्य २: *यदि हामीले हाम्रो ख्रीष्टियान अनुभव बाँड्यौं भने भविष्यमा हामीले आशा गर्न सक्ने किसिमको इनामलाई व्याख्या गर्नुहोस्।*

सुसमाचार बाँड्ने ख्रीष्टको आज्ञा पछ्याउनेहरूका लागि अहिले अनुभव गर्न सकिने इनामहरूका साथसाथै भविष्यका अनन्त इनामहरूको पनि प्रतिज्ञा गरिएको छ।

भविष्यका इनामहरूलाई परमेश्वरको वचनमा स्पष्टसँग प्रकट गरिएको छ। यिनीहरू *ज्ञात* इनामहरू हुन्। यिनीहरूमध्ये कुनै-कुनैलाई हामी विचार गरौं।

१. "मानिसहरूलाई सत्य मार्गमा सदासर्वदाको निम्ति डोऱ्याउनेहरूचाहिँ ताराहरूझैं हुनेछन् (दानिएल १२:३)। ताराहरू पृथ्वीबाट धेरै टाढ़ा छन् र उज्यालोको गतिमा यात्रा गर्ने रकेटहरू तिनीहरूका नजीक पुग्नका लागि महीनौं लाग्छ भनी वैज्ञानिकहरू भन्छन्। र पनि यहाँ पृथ्वीबाट तिनीहरू चम्केको हामी देख्छौं। यदि हामीले मानिसहरूलाई ख्रीष्टमा डोऱ्याएका छौं भने हामी पनि परमेश्वरको राज्यमा सधैंको लागि ताराहरूजस्तै चम्किन्छौं भनी थाहा पाउनु आनन्दको कुरा होइन र!

२. हामीले ख्रीष्टसँगै राज्य गर्नेछौं! ख्रीष्टले हामीलाई उद्धार गर्नुभएको हुनाले हामीले अनन्त जीवन पाएका छौं। यसैको कारणले पनि हामी आनन्दले उफ्रिनुपर्छ। त्योभन्दा ठूलो वरदान वा इनाम त्यहाँ छैन। तर उहाँले हामीलाई आफ्नो सिंहासनको प्रतिज्ञा गर्नुभएको छ। हो, हामी ख्रीष्टसँगै शासन गर्नेछौं। हामी ख्रीष्टजस्तै हुनेछौं। हामी सधैंभरि उहाँसँग रहनेछौं। आफ्ना चेलाहरूलाई छोड़ेर आफ्ना पिताकहाँ फर्कनुभन्दा पहिल्यै उहाँले यो स्पष्ट पार्नुभयो।






३. उहाँलाई प्रेम गर्नेहरू सबैका निम्ति प्रभुले धेरै मुकुटहरूको प्रतिज्ञा गर्नुभएको छ। तिनीहरूका सूची बनाऔंः

**क**) धार्मिकताको मुकुट (२ तिमोथी ४:८)।
**ख**) सधैंभरि रहिरहने मुकुट (१ कोरिन्थी ९:२५)।
**ग**) जीवनको मुकुट (याकूब १:१२)।
**घ**) महिमाको मुकुट (१ पत्रुस ५:४)।

प्रभुले हामीलाई दिनुभएको काम यदि हामीले गऱ्यौं भने यी सबै इनामहरू हाम्रै हुनेछन्। हामीले अनन्तसम्मै जोश र विश्वासयोग्यतासाथ काम गर्नुपर्छ। तपाईंको आफ्नो समय बर्बाद गरिरहनुभएको छ भनी कसैले तपाईंलाई भने पनि याद गर्नुहोस् कि तपाईंले त्यसो गर्नुभएको छैन। तपाईं हावाको पछाड़ि दौड़िरहनुभएको छैन। किनकि यो संसार र यसका सबै सम्पत्तिहरू नाश हुनेछन्। तर प्रभुको निम्ति भएको हाम्रो काम सधैंको निम्ति रहिरहन्छ।

**तपाईंको अभ्यासको निम्ति**

९ ताराहरूजस्तै चम्किनका लागि हामीहरूले के गर्नुपर्छ?

.......................................................................

१० हामीले ख्रीष्टसँगै राज्य गर्नेछौं भन्नुको अर्थ के हो?
**क**) हामीले स्वर्गीय राज्यमा भाग पाउनेछौं?
**ख**) धेरै मानिसहरूले निहुरिएर हामीलाई ढोग्नेछन्।

११ हामीले गर्न सक्ने सबैभन्दा महत्त्वपूर्ण काम प्रभुको निम्ति गर्ने काम हो, किनकि त्यो काम

**क**) छिट्टै सकिन्छ।

**ख**) सधैँभरि स्थिर भइरहन्छ।

१२ २ तिमोथी ४:८; १ कोरिन्थी ९:२५; याकूब १:१२; र १ पत्रुस ५:४ पढ्नुहोस्। यी सबै पदहरूको विषयवस्तु के हो? ..........................................................

**अज्ञात इनामहरू**

यूहन्ना अर्थात् योआनेसलाई दिइएको आफ्नो प्रकाशमा, येशू आफैले भन्नुभयो, "हेर म चाँड़ै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ" (प्रकाश २२:१२)।

> आफ्ना चेलाहरूसँग कुरा गर्दा, उहाँले यो भन्नुभयोः धन्य तिमीहरू, जब मानिसहरूले तिमीहरूलाई मानिसको पुत्रको खातिर घृणा गर्नेछन्, र बहिष्कार गर्नेछन्, र गिल्ला गर्नेछन्, र दुष्ट ठानी तिमीहरूका नाउँलाई अपमान गर्नेछन्! त्यस दिन रमाओ र खुशीले उफ्र, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ (लूका ६:२२-२३)।

कोरिन्थीहरूलाई लेख्दा प्रेरित पावलले धेरै पहिले दिइएका परमेश्वरका महान् प्रतिज्ञाहरूका बारेमा तिनीहरूलाई याद दिलाएका छन्ः

> आँखाले नदेखेका, र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ (१ कोरिन्थी २:९)।

परमेश्वरले हाम्रा निम्ति तयारी गर्नुभएका सबै इनामहरू हामीलाई थाहा छैन। स्वर्गको एउटा आनन्दचाहिँ हाम्रा निम्ति उहाँले तयार गर्नुभएका कुराहरू हेर्नु हो। तर सबैभन्दा ठूलो आनन्दचाहिँ हामीले येशू ख्रीष्टको सुसमाचार सुनाएका पुरुष र स्त्री, केटा र केटीहरूलाई देख्न पाउनु हो। त्यो दिन कस्तो महान् दिन हुनेछ!

### तपाईंको अभ्यासको निम्ति

१३ कठिनाइहरूको सामना गर्नुपरे तापनि येशूको सेवा गर्नु अर्थपूर्ण छ भन्ने कुरा हामीलाई थाहा छ, किनभने

**क**) हामीलाई सतावट दिनेहरूलाई परमेश्वरले दण्ड दिनुहुनेछ।

**ख**) उहाँको खातिर हामीले दुःख भोग्यौं भने हामीले इनाम प्राप्त गर्नेछौं।

१४ हामी स्वर्गमा पुग्दा हामीले प्राप्त गर्ने सबैभन्दा ठूलो इनाम के हो? ..........................................

..........................................................................

..........................................................................

## बधाई!

तपाईंले पाठ्यपुस्तक सिध्याउनुभएको छ। परमेश्वरले तपाईंलाई जस-जसकहाँ पठाउनुहुन्छ, तिनीहरूसँग उहाँको सुसमाचार बाँड्दा परमेश्वरले तपाईंलाई आशिष् दिऊन्। तपाईंले सुसमाचार बाँड्नुहुँदा व्यक्तिगत सुसमाचार प्रचारमा संलग्न भएका कदमहरूका बारेमा आफैलाई स्मरण गराउनका लागि तपाईंका पाठहरूलाई दोहोर्‍याएर पढ्न सक्नुहुन्छ। तपाईं निराश हुनुभएको बेला, यस अन्तिम पाठलाई फेरि पढ्नुहोस्। येशू ख्रीष्ट सबै समयमा तपाईंसँग हुनुहुन्छ भन्ने कुरालाई नभुल्नुहोस्! उहाँले तपाईंलाई सहायता गर्नुहुनेछ।



## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ उहाँले तिनीहरूसँग सधैं हुने प्रतिज्ञा गर्नुभयो।

२ हाम्रो निम्ति ख्रीष्टले जे गर्नुभएको छ सो अरूहरूसँग बाँड्नका लागि विश्वासयोग्य भएर।

३ प्रभु।

४ परमेश्वर तिनीहरूसँग हुनुहुन्थ्यो।

५ ख) मानिसहरूलाई ख्रीष्टमा ल्याउनु।

६ उनले पछि पहिलेकोभन्दा पनि धेरै प्राप्त गरे।

७ उसले आनन्दित भएर फर्कने आशा गर्न सक्छ।

८ यी सबै इनामहरूका पछाड़ि मैले × चिन्ह लगाएँ र तपाईंले पनि त्यसै गर्नुभयो होला भनी म आशा राख्छु।

९ जे ठीक छ सो गर्नका लागि हामीले मानिसहरूलाई सिकाउनैपर्छ।

१० क) हामीले स्वर्गीय राज्यमा भाग पाउनेछौं।

११ ख) सधैंभरि स्थिर भइरहन्छ।

१२ हामीले येशूलाई प्रेम र सेवा गरेका हुनाले हामीले मुकुटहरू प्राप्त गर्नेछौं।

१३ ख) उहाँको खातिर हामीले दुःख भोग्यौं भने हामीले इनाम प्राप्त गर्नेछौं।

१४ हामीले तिनीहरूसँग उहाँका सुसमाचार बाँड़िको कारण तिनीहरूले येशूलाई ग्रहण गरेका हुनाले तिनीहरूलाई त्यहाँ देख्ने आनन्द।

